रामारोशन गाउपालिका, ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण

२०७६ श्रावण



आर्थिक वर्ष २०७५/०७६ को

वार्षिक

# प्रगति प्रतिवेदन

रामारोशन गाउंपालिका
**गाउंकार्यपालिकाको कार्यालय**
शान्तडा, अछाम
सु.प. प्रदेश, नेपाल

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना
**प्राविधिक सहयोग इकाई**
मंगलसैन, अछाम

# विषय सूची


आर्थिक वर्ष २०७५/०७६ को प्रगती सारांश ........ 2

१. पृष्ठभूमी ........ 5

२. लक्ष बमोजिम उपलब्धी ........ 6

२.१.जलउपयोग गुरुयोजना ........ 6

२.२. भौतिक प्रगति ........ 6

२.४. जीविकोपार्जन कार्यक्रम ........ 8

३. अनुगमन तथा प्रतिवेदन ........ 9

४. प्रगती समीक्षा तथा योजना तर्जुमा ........ 10

५. नीति तर्जुमा ........ 11

६. सहकार्य ........ 12

७. आइपरेका समस्याहरु ........ 12

अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण ........ 13

अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण ........ 14

अनुसूची २.१ : परीयोजना द्धारा तेस्रो चरणमा सम्पन्न भएका योजनाहरु MUS/WSS तथा अन्ययोजनाहरुको अवस्था ........ 16

अनुसूची २.२ : गत वर्ष ०७४।०७५ सम्मको पेश्की/वेरुजु वांकीको अवस्था ........ 16

अनुसूची २.३ : आर्थीक बर्ष ०७५।०७६ मा थप भएको समेत कुल पेश्की/बेरुजु वांकीको अवस्था ........ 16

अनुसूची ३ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु ........ 17

अनुसूची ४ : भिजिबिलिटी ........ 18

अनुसूची ५ : जनशक्ति विवरण ........ 21


## तालिका सूची


तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति

तालिका२ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी

तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण

तालिका४ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश

तालिका५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण

तालिका६ : आयआर्जन सम्बन्धी विवरण

तालिका७ : सहकारी सम्बन्धी विवरण

तालिका ८ : योजनास्तरमा गरिएको अनुगमनको विवरण

तालिका९ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु

तालिका १० : अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन

तालिका ११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक

तालिका १२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य

तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु




GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## आर्थिक वर्ष २०७५/०७६ को प्रगती सारांश

| | | | | | |
|---|---|---|---|---|---|
| **स्थानीय तहको नाम:** | रामारोशन गाउँपालिका | | | | |
| **परियोजनाको नाम :** | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण | | | | |
| **प्रतिवेदनको समयावधी** | १ श्रावण २०७५ देखी ३१ आषाढ २०७६<br>(16th July 2018 to 16th July 2019) | | | | |
| **क. आर्थिक प्रगती सारांश** | | | | | |
| **परियोजनाको लागि यस आ.ब.को कुल बजेट तथा खर्चको अवस्था** (रु हजारमा) (दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | **शीर्षक** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
| | पुँजीगत | १०६८९ | १०६८९ | १०६८९ | १०० |
| | कार्यक्रम/चालु: | ५२७८ | ५२७८ | ४६१४।९३ | ८७ |
| | **जम्मा** | **१५९६७** | **१५९६७** | **१५३०३।९३** | **९६** |
| **श्रोतगत रुपमा आर्थिक बर्षको बजेट तथा खर्चको अवस्था** (रु हजारमा) | **लगानीको स्रोत** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
| | स्थानीय तह | १८३८ | १८३८ | १६७०।६ | ९१ |
| | नेपाल सरकार | ६९२० | ६९२० | ६७७८।८३ | ९८ |
| | दातृ निकाय (GoF/EU) | ७२०९ | ७२०९ | ६८५४।५ | ९५ |
| | **जम्मा** | **१५९६७** | **१५९६७** | **१५३०३।९३** | **९६** |
| | उपभोक्ताको Cash | **५५९।३** | **५५९।३** | **५५९।३** | **१००** |
| | उपभोक्ताको Kind | **७७८३।३१** | **७७८३।३१** | **७७८३।३१** | **१००** |
| | **जम्मा** | **८३४२।६१** | **८३४२।६१** | **८३४२।६१** | **१००** |
| | **कुल जम्मा** | **२४३०९।६१** | **२४३०९।६१** | **२३६४६।५४** | **९७** |
| **ख. भौतिक प्रगती सारांश** | | | | | |
| **नतिजा क्षेत्र** | **आर्थिक वर्षको बुँदागत प्रमुख उपलव्धी** | | | | |
| **नतिजा १ : खानेपानी, सरसफाइ तथा स्वच्छता** | • यस आब मा ४ वटा खानेपानी तथा सरसफाई योजनाहरुसम्पन्नभइ २४६१जनसंख्या लाभान्बित भएका छन । अर्थात उल्लेखित जनसंख्याले स्वच्छ खानेपानी को उपभोग गरिरहेका छन ।<br>• सरसफाई तथा स्वच्छतालाई बढाबा दिनको लागी बिभिन्न सरसफाइका क्रियाकलापहरु जस्तै चाँग, जुठेल्नो, सुधारिएको चुलो आदी क्रियाकलापहरु गरिएका छन् जस अर्न्तगत ३३६ घरधुरीहरुहरुमा पुर्णसरसफाईका आधरभुत सुचकका पुरा गर्ने क्रममा छन् ।<br>• यस आर्थिक वर्षमा २ वटा सिँचाईं योजनाहरु सम्पन्न भएका छन् र त्यसबाट ९५९ रोपनी जमिन सिँचाईं सुविधा उपलब्ध भएको छ । | | | | |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | |
|---|---|
| | • परियोजनाद्वारा गाउँपालिका स्तरीय महिनावारी स्वच्छता तथा स्यानिटरी प्याड निर्माण तालीम संचालन ( ३५ .जना सहभागी) भए पश्चात वडा नं. ५ ले विभिन्न ४ वटा समूहमा गरी जम्मा १२० जना महिलाहरुलाई र गाउँपालिकाले सबै ७ वटै वडामा र वजार क्षेत्रका सिलाइकटाई व्यवसाय गरिरहेका महिलाहरुलाई लक्षित गरी १ वटा गरी ८ वटा समूहमा यो तालीम संचालन गरिएकमो थियो भने यसबाट जम्मा २०० जना महिलालाई तालीम प्रदान गरिएको छ। त्यसबाट जम्मा ३५५ जना महिलाहरुले स्यानिटरी प्याड निर्माण सम्बन्धि सीप र महिनावारी स्वच्छता सम्बन्धी ज्ञान प्राप्त गरेका छन् । तालीम प्राप्त ५ जना महिलाहरु महिनावारी स्वच्छता तथा स्यानिटरी प्याड निर्माण सम्बन्धी सहजकर्ताको रुपमा काम गरिरहेकाछन् ।<br>• यस आर्थिक वर्षमा परियोजनाको सहजिकरणमा 'अध्यक्ष सरसफाइ तथा स्वच्छता कार्यक्रम' घोषण भएको छ।<br>• यस आर्थिक वर्षमा गाउँपालिकाले 'खानेपानी योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका २०७५' पारित गरेको छ र सोहि निर्देशिका को १९ ञ अनुसार गाउँपालिका स्तरमा खानेपानी योजना सञ्चालन तथा मर्मत सम्भार कोष स्थापना गरी आर्थिक वर्ष २०७६/७७ का लागि यो कोषमा ५ लाख रुपैया विनियोजन गरिएको छ<br>• यस आर्थिक वर्षमा 'मर्यादित महिनावारी व्यवस्थापन निर्देशिका २०७५' पारित गरी लागु गरिएको छ।<br>• वडा नं. ३ ले खुला दिशामुक्त दिवश कार्यक्रम आयोजना गरेको छ। वडा नं. ४ र ७ ले स्वच्छता सरसफाई अभियान गरेका छन्।<br>• गाउँपालिकाका ७वटै वडाबाट सरसफाई स्वच्छता सम्बन्धी तथ्याङ्क संकलन कार्य सम्पन्न भएको छ। |
| **नतिजा २ :**<br>**जीविकोपार्जन प्रवर्द्धन** | • विभिन्न खानेपानी योजनाहरुमा १४ वटा घरवारी समूह गठन गरी प्रत्येक समूहमा ३ दिने घरवारी व्यवस्थापन तालीम प्रदान गरिएको छ । तालीममा जम्मा ३४५ घरधुरीका व्यक्तिहरुको सहभागिता रहेको थियो । तालीमम पश्चात ३४५ घरधुरीमा घरवारी व्यवस्थापन भएकामे छ र त्यसबाट २०८२ जनसंख्या लाभान्वित भएका छन्। घरबारी व्यवस्थापन पश्चात स्थानीय स्तरमा घरपरिवारलाई चाहिन ताजा तरकारी उपलब्ध भएको छ भने पारिवारिक पोषणमा मद्धत पुगेको छ।<br>• गाउँपालिकाको कृषि विकास शाखासंग मिलेर च्याउखेती तालीम, वेमौसमी तरकारी खेती तालीमहरु संचालन भएका छन् । यसका साथै गाउँपालिकाले वृहत रुपमा तरकारीको वीउ वितरण गरेका छन् ।<br>• कृषि विकास शाखासंग समन्वय गरी प्लाष्टिक घरमा तरकारी खेती तालीम संचालन गरिएको थियो जसमा ३१ जना किसानको सहभागिता थियो । तालीम पश्चान परियोजनाबाट १३ जना र कृषि शाखाबाट १८ गरी जम्मा ३१ जना किसानहरुले प्लाष्टिक घर निर्माण गरी मौषमी बेमौसमी तरकारी उत्पादन थालेका छन्।<br>• १३ जनाले आलु चिप्स तथा दालमोठ बनाउने तालीम प्राप्त गरी उत्पादन समेत शुरु गरेका छन्। |
| **नतिजा ३ : जलवायु** | • रामारोशन गाउँपालिकामा ९५ वटा सुधारिएको चुल्हो निर्माण गरिएका छन् । यसबाट |


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

| | |
|---|---|
| **परिवर्तन अनुकुलन/प्रकोप जोखिम न्यूनीकरण** | ५७० जनसंख्याले प्रतक्ष लाभ प्राप्त गरेका छन् ।<br>• यस आर्थिक वर्षमा सम्पन्न भएका र निर्माणधिन योजनाहरुमा जयवायु परिवर्तनलाई अनुकुलन गर्न सक्ने प्रविधिहरु जस्तै घरवारी व्यवस्थापन र प्लाष्टिक घरमा तरकारी खेती प्रविधि । |
| **नतिजा ४ : क्षमता विकास** | • ५ वटा खानेपानी तथा सरसफाई योजना र ४ वटा सिचाई योजनामा चरणवद्ध कार्यपद्धति अनुसारका तयारी चरण, कार्यन्वयन चरण र निर्माण पश्चातका विभिन्न तालिम सम्पन्न ।<br>• वडा नं. ३, ४ र ७ मा वडा स्तरीय सरसफाई स्वच्छता अभिमुखिकरण सम्पन्न ।<br>• गाउपालिकाका विद्यालयहरुका प्राधानाध्यापक, विव्यस अध्यक्ष, सरसफाई स्वच्छता फोकल शिक्षक, वाल क्लवका प्रतिनिधीहरुको सहभागितामा विद्यालय पूर्ण सरसफाई सम्बन्धी गोष्ठी सम्पन्न र कार्ययोजना निर्माण ।<br>• तुर्माखाँद गाउँपालिकासंगको सहकार्यमा ६ जना ग्रामिण मर्मत संभार कार्यकर्ता तालीम सम्पन्न ।<br>• ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना, परियोजना सहयोग इकाईबाट ३ जना महिलाहरुलाई स्थानीय स्रोत व्यक्ति तालीम उपलब्ध ।<br>• गाउपालिका स्तरीय निर्णयमा महिला कार्यशाला गोष्ठी सम्पन्न र महिला सरोकारका विभिन्न क्षेत्र समेटेर योजना निर्माण । सो योजनामा आधारित भएर गाउँपालिकाको योजना निर्माण गर्ने गाउँपालिकाको प्रतिवद्धता ।<br>• १४ घरवारी कृषक समुहका ३४५ जना किसानहरुका लागि घरवारी व्यवस्थापन तालीम संचालन ।<br>• गाउँपालिकाको कृषि विकास शाखासंगको सहकार्यमा ३१ जना किसानका लागि प्लाष्टिक घरमा तरकारी खेती तालीम सम्पन्न ।<br>• महिनावारी व्यवस्थापन तथा स्यानिटरी प्याड निर्माणमा सहभागीहरु मध्ये ५ जना महिलाहरु सहजकर्ताको रुपमा काम गरिरहेका छन् ।<br>• ४ वटा योजनाका उपभोक्ता समितिका पदाधिकारीहरुलाई व्यवस्थापन तथा खरिद सम्बन्धी तालीम प्रदान । तालीम पश्चात खरिद प्रक्रिया सम्पन्न भई योजनाहरुको निर्माण कार्य भइरहेको ।<br>• गाउँपालिका स्तरमा विभिन्न दिवशहरु सम्पन्न । |

# आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमी

कर्णाली प्रदेश र प्रदेश सातका ग्रामीण क्षेत्रमा **"न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने"** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला) मा सफलतापूर्वकनिरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनो (RVWRMP)राज्यको पुनर्सरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ । जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ ।

यस गाउँपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४ साउन २२ स्थानीय पूर्वाधार विभाग (साविक डोलीडार), यस गाउँपालिका र जिल्ला समन्वय समिति बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो । सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०७५/०७६ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलव्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विष्लेशण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

आर्थिक वर्ष २०७५/०७६ मा परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये १०० प्रतिशत रकम निकासा भै **९६** प्रतिशत खर्च भएको छ । जसमध्ये नेपाल सरकार तर्फको **रु. १४११६९/८७**रकम फ्रिज भएको छ भने दातृ निकाय तर्फको **रु .३५४५००/-**परियोजना कार्यालयमा फिर्ता गरिएको छ ।स्थानीय तहको विनियोजित**रु. १८३८०००/- मध्ये रु. १६७०६००/-** खर्च भएको छ । यस स्थानीय तहमा बजेटको तुलनामा **९१%** आर्थिक प्रगति हासिल भएको छ ।

तर्जुमा गरिएका १० वटा भौतिक निर्माण तर्फका योजनाहरु मध्ये ७ वटा योजनाहरु सम्पन्न भएका छन् भने ३ वटा निर्माणाधिन योजनाहरु आगामी बर्ष समेत निरन्तर रुपमा निर्माण कार्य हुने गरी जिम्मेवारी सरी गएका छन् ।

यस प्रतिवेदनमा रामारोशन गाउँपालिकामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यस प्रतिवेदनले गाउँपालिका परियोजना व्यवस्थापन समिति तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ ।


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

# २. लक्ष बमोजिम उपलब्धी

## २.१.जलउपयोग गुरुयोजना

यस गाउँपालिकामा आर्थिक वर्ष २०७५/०७६ मा तर्जुमा गर्ने लक्ष राखिएको जलउपयोग गुरुयोजना सम्बन्धमा निम्न बमोजिम प्रगति हासिल भएको छ। जलउपयोग गुरुयोजनासंग सम्बन्धित क्षमता विकासका क्रियाकलापहरु शीर्षकमा उल्लेख गरिएको छ। जलउपयोग गुरुयोजना सम्बन्धमा यस आर्थिक वर्षमा भएको प्रगति निम्न बमोजिम रहेको छ।

***तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति***

| लक्ष्य | प्रगति |
|---|---|
| गुरु योजना निर्माण कार्य सम्पन्न गर्ने | परियोजना सहयोग इकाईले प्रतिवेदनको कार्य गरिरहेको। |

## २.२. भौतिक प्रगति

यस गाउँपालिकामा आर्थिक वर्ष २०७५/०७६ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ।

१. ४ वटा खानेपानी तथा सरसफाई योजना सम्पन्न र १ योजना निर्माणाधिन।

२. २ वटा सिँचाइँ योजनाहरु सम्पन्न र २ वटा सिँचाई योजनाहरु निर्माणाधिन।

३. ९५ वटा सुधारिएको चुलो निर्माण।

४.१० वटा सुधारिएको घट्ट निर्माण।

***तालिका२ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी***

| क्र.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलब्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु | ४ | २४६१ | ४ | २४६१ | ४ | १०० |
| २ | सिँचाई योजनाहरु | २ | १०८८ | २ | १०८८ | २ | १०० |
| ३ | संस्थागत चर्पीहरु (संख्या) | १ | ० | ० | ० | ० | ० |
| ४ | घरबारी व्यवस्थापन (घरधुरी) | ३७५ | १९५० | ३४५ | २०८२ | ९२ | १०७ |
| ५ | सुधारिएको चुल्हो (संख्या) | ९५ | ५७० | ९५ | ५७० | ९५ | १०० |
| ६ | सुधारिएको पानी घट्ट (संख्या) | १० | ३६० | १० | ३६० | १० | १०० |
| ७ | पोखरी संरक्षण | ० | ० | ० | ० | ० | ० |
| ८ | मुल संरक्षण | ० | ० | ० | ० | ० | ० |
| ९ | अन्य | | | | | | |



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

तपसील बमोजिमको कारणले लक्ष गरिए बमोजिम योजनाहरु सम्पन्न हुन नसकी लक्षीत उपलब्धी हासिल हुन सकेन ।

***तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण***

| क्र.सं. | लक्ष बमोजिम उपलब्धी हासिल हुन नसक्नुको कारण | भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि गाउँपालिका परियोजना व्यवस्थापन समितिको रणनीति |
|---|---|---|
| १ | गाउँपालिका संगको बजेट सहकार्यमा ६ वटा घरवारी समूह गठन तथा तालीम संचालनको लक्ष राखिएकोमा रामारोशन गाँउपालिका कृषि शाखा संग बजेट नभएको कारण लक्ष अनुसार घरवारी व्यवस्थापन समूहमा तालिम संचालन गर्न नसकिएको । | स्वीकृत बजेट अनुसारमात्र लक्ष निर्धारण गर्ने । |

गाउँपालिका भित्र परियोजनाको सहयोगमा सम्पन्न भएका तथा निर्माणाधिन योजनाहरुको सूची अनूसुची १मा दिइएको छ ।

## २.३. क्षमता विकास

आर्थिक वर्ष २०७५/०७६ मा यस गाउँपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन् ।

१.खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका २८ वटा तालीम सम्पन्न ।

२.सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी १० वटा तालिम तथा कार्यक्रमहरु सम्पन्न ।

३. २१ वटा जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु सम्पन्न ।

४. २ वटा स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरुसम्पन्न ।

५. ८ वटाजलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिम तथा गोष्ठीहरु सम्पन्न ।

६. ४ वटा गाउँपालिकास्तरीय क्षमता विकाससंग सम्बन्धित तालीम तथा कार्यक्रमहरु सम्पन्न ।

***तालिका४ :क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश***

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम | ७९ | ८७ | ० | ० | १७५ | १५६ | २५४ | २४३ |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | ११६ | ८८ | ५ | ६ | ३२६ | २९९ | ४४७ | ३९३ |
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | १३४ | ३९ | ० | ० | २३७ | १२७ | ३७१ | १६६ |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | ० | ० | ० | ० | ३ | ६ | ३ | ६ |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | २८ | ३७ | ० | १ | ७५ | ११७ | १०३ | १५५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० |
| गाउँपालिकास्तरीय क्षमता विकास तालिमहरु | ३६८ | ११४ | ३२ | २ | ११४६ | ५५४ | १५४६ | ६७० |
| **जम्मा** | **७२५** | **३६५** | **३७** | **९** | **१९६२** | **१२५९** | **२७२४** | **१६३३** |
| **प्रतिशत् :** | **२५** | | **१** | | **७४** | | **६३** | **३७** |

तालिमको विस्तृत विवरण अनुसूची २ मा दिइएको छ ।

## २.४. जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस गाउँपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ ।

१. घरबारी : १४ वटा घरवारी व्यवस्थापन समूहमा ३ दिने घरवारी व्यवस्थापन तालीम सम्पन्न भएको छ ।

२.आयआर्जन: २ वटा अगुवा कृषक कृषकहरुलाई गाउँपालिका स्तरीय अगुवा कृष तालीम१ व्टा गाउँपालिका स्तरीय बहुउद्देश्यीय नर्सरी व्यवस्थापन तालिम, १ वटा गाउँपालिका स्तरीय प्लाष्टिक घरमा तरकारी खेती प्रविधि तालीम सम्पन्न गरिएका छन् ।

३.सहकारी: गतिशिल कृषि सहकारी संस्थासंग समन्वयमा सुधारिएको चुल्हो तथा सुधारिएको पानी घट्ट सम्बन्धी कृयाकलापहरु संचालन गरिएको ।

४.लघु उद्यम : यस आर्थिक वर्षमा लघु उद्यमसंग सम्बन्धित १ वटा तालीम (आलु चिप्स तथा दालमोठ बनाउने तालीम) सम्पन्न भएको छ

५.स्थानीय स्रोत व्यक्ति उत्पादन :यस आर्थिक वर्षमा जम्मा ३ जना स्थानीय स्रोत व्यक्तिहरुले तालीम प्राप्त गरेका छन् ।

***तालिका५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण***

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. मा | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | ११२ | ३१ | २६५ | ४०८ | ० | ० | ० | ० | ११२ | ३१ | २६५ | ४०८ |
| ४ | ९७ | ० | २५३ | ३५० | १४३ | ० | २०२ | ३४५ | २४० | ० | ४५५ | ६९५ |
| ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | १३७ | ० | ३११ | ४४८ | ० | ० | ० | ० | १३७ | ० | ३११ | ४४८ |
| **जम्मा** | **३४६** | **३१** | **८२९** | **१२०६** | **१४३** | **०** | **२०२** | **३४५** | **४८९** | **३१** | **१०३१** | **१५५१** |

*तालिका६ : आयआर्जन सम्बन्धी विवरण*

| क्र.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी तथा मसला खेती | २ | ० | ५८ | ६० |
| २ | व्यवसायिक फलफूल खेती | ० | ० | ० | ० |
| ३ | लघुउद्यम व्यवसाय | ० | ० | १३ | १३ |
| ४ | बहुद्देश्यीय नर्सरी व्यवस्थापन | १ | ० | १९ | २० |
| ५ | एग्रोभेट | ० | ० | ० | ० |
| **जम्मा** | | ३ | ० | ९० | ९३ |

*तलिका७: सहकारी सम्बन्धी विवरण*

| क्र.सं. | सूचकहरु | परियोजनाको प्राविधिक सहयोग प्राप्त सहकारीको नाम | | | |
|---|---|---|---|---|---|
| | | गतिशिल कृषि सहकारी संस्था | | | |
| १ | सहकारीमा आवद्ध उपभोक्ता समिति संख्या | ४० | | | |
| २ | शेयर धनीहरुको संख्या | १०८८ | | | |
| ३ | कुल सम्पत्ती रु. | १९०८९८३८/२७ | | | |
| ४ | कुल ऋृण लगानी रु | १५२०२८००/०० | | | |
| ५ | असूली दर | ९८% | | | |
| ६ | खुद नाफा रु | ११८३४९९/०६ | | | |
| ७ | मर्मत सम्भार कोष विनियोजन रु | १४७०३७/३३ | | | |
| ८ | जगेडा कोष रु. | १४५३२४९/२६ | | | |
| ९ | सञ्चालन आत्मनिर्भरता | १९७% | | | |

## ३. अनुगमन तथा प्रतिवेदन

गाउँपालिका तथा स्थानीय पूर्वाधार विभाग बीच सम्पन्न समझदारी बमोजिम यस गाउँपालिकामा परियोजनाका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्नको लागि मिति २०७५ माघ २६ गतेकोगाउंपालिका परियोजना व्यवस्थापन समितिको निर्णयानुसार अनुगमन कार्यदल गठन गरिएको छ ।

*तालिका८:अनुगमन कार्यदलबाट योजनास्तरमा गरिएको अनुगमनको विवरण*

| क्र.सं. | योजनाको नाम | चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | गाउँपालिका कार्यालयवाट अनुगमनमा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १. | बन्सेडी बथान खा.पा.यो | १ | १ | ६ |
| २ | बागमारे खा.पा.यो | १ | १ | ९ |
| ३ | हडाने खा.पा.यो | १ | १ | ८ |
| ४ | जडापानी तुरीधारा खा.पा.यो | १ | १ | ६ |
| ५ | भेडेखोर मष्टामाण्डौ सिचाई | १ | १ | ५ |
| ६ | जुकेपानी पानीमुल सिचाई | १ | १ | ५ |
| | **जम्मा** | ६ | ६ | ३९ |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

*तालिका ९ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु*

| क्र.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन ( फाँटबारी) | ९ | ९ | |
| २ | चौमासिक प्रगति प्रतिवेदन | ३ | ३ | |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | |
| | **जम्मा** | **१६** | **१३** | |

परियोजना सहयोग इकाई तथा परियोजना समन्वय कार्यालयवाट विभिन्न मितिमा गरिएको जलस्रोत विकास कोषको अनुगमनको क्रममा दिइएका सुझावहरुको कार्यान्वयन निम्न बमोजिम गरिएको छ ।

*तालिका १० : अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन*

| क्र.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाब | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १ | २०७५ फागुन ७ | माघ महिनाको फाँटवारी पुनरावलोकन गर्नु पर्ने | कार्यन्वयन गरिएको |
| २ | | ० | |

जलस्रोत विकास कोषको सम्पूर्ण खर्च रकम तोकिएको शीर्षकमा मात्र गरिएको छ । आर्थिक वर्ष २०७५।०७६ मा भएको आम्दानी र खर्च रकमको विवरण गाउँपालिकाको वेवसाइटमा राखिएको छ र गाउँपालिकाको सूचनापाटीमा टाँस गरिएको छ ।

## ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

विभिन्न मितिमा परियोजनाका क्रियाकलापहरुको प्रगती समीक्षा तथा परियोजनाको कार्यान्वयनको विषयमा गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक बसी विभिन्न विषयमा छलफल तथा निर्णयहरु गरिएको छ ।

*तालिका११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक*

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०७५/५/१७ | • जलस्रोत अधिकृतको नियुक्ति सम्बन्धमा । |
| २ | २०७५/६/०४ | • गाउँपालिका स्तरिय जल उपयोग गुरुयोजना तथा जिविकोपार्जन कार्यान्वयन योजना तर्जुमा गोष्ठि सम्वन्धमा । |
| ३ | २०७५/६/२६ | • प्राविधिक तथा आर्थिक प्रस्ताव प्रतिबेदन स्विकृत गर्ने सम्वन्धमा ।<br>• मालिका विकास संघ नेपालको आर्थिक प्रस्ताव फिर्ता गर्ने सम्वन्धमा ।<br>• मालिका विकास संघ नेपालबाट प्राप्त पत्रको उत्तर दिने सम्बम्धमा ।<br>• बार्षिक कार्यक्रम र कार्ययोजना स्विकृत गर्ने सम्बन्धमा ।<br>• नियुक्ति म्याद थप सम्वम्धमा । |
| ४ | २०७५/८/०४ | • प्रतिनिधि पठाउने सम्वन्धमा ।<br>• बिविध सम्वन्धमा । |
| ५ | २०७५/९/२४ | • योजनाको म्याद थप सम्वन्धमा ।<br>• सम्पन्न योजनाको भुक्तनि सम्वन्धमा । |

| | | |
|---|---|---|
| | | ● नया योजनाको जानकारी सम्वन्धमा ।<br>● बिविध सम्वन्धमा । |
| ६ | २०७५/१०/२६ | ● आगामी आर्थिक बर्ष २०७६/०७७ को कार्ययोजना सम्वन्धमा ।<br>● हाल सम्मको कामको समिक्षा सम्बन्धमा ।<br>● अनुगमन कार्यदल गठन सम्बन्धमा ।<br>● सुधारियको चुल्हो र सुधारिएको घट्टकार्यान्वयन सम्वन्धमा ।<br>● निर्णायक तहमा महिला सम्बन्धी कार्यशाला गोष्ठिको प्रतिबेदन र योजना सम्बन्धमा ।<br>● मर्यादित महिनावारी निर्देशिका सम्वन्धमा ।<br>● खानेपानी मर्मत सम्भार कार्यबिधि सम्वन्धमा ।<br>● सार्बजनिक शौचालय सम्बन्धमा । |
| ७ | २०७५/११/२६ | ● अनुगमन कार्यदलको तेस्रो अनुगमन प्रतिबेदन सम्बन्धमा । |
| ८ | २०७५/१२/२५ | ● अन्तिम किस्ता भुक्तानी सम्बन्धमा ।<br>● आलु चिप्स तालिम सम्बन्धमा ।<br>● मध्यावधि मुल्याङ्कनको तयारी सम्बन्धमा । |
| ९ | २०७६/०१/२३ | ● कार्य प्रगती समिक्षा सम्बन्धमा ।<br>● स्वास्थ्य तथा सरसफाई प्रबर्द्धक SHP शिर्षकमा बिनियोजित रकम सम्वन्धमा ।<br>● रानामुल सिचाई योजनाको लागत अनुमान संसोधन सम्बन्धमा ।<br>● पुर्ण सरसफाई गोष्ठी सम्बन्धमा । |
| १० | २०७६/०२/०२ | ● सार्वजनिक शौचालय निर्माण सम्बन्धमा ।<br>● सुचना शिक्षा तथा सञ्चार सम्बन्धमा ।<br>● स्वास्थ्य प्रबर्द्धक नियुक्ति सम्बन्धमा । |
| ११ | २०७६/३/०८ | ● समिक्षा सम्वन्धमा ।<br>● आगामि आ.व. को बजेट सम्वन्धमा । |
| १२ | २०७६/३/२५ | ● बार्षिक प्रगती समिक्षा सम्बन्धमा ।<br>● फिनल्याण्ड सरकार/ई.यु. को रकम रिफण्ड गर्ने सम्बन्धमा ।<br>● आ.व. २०७६/०७७ को लागत ईस्टमेट सम्बन्धमा ।<br>● स्थानीय स्रोत व्यक्ति छनौट सम्बन्धमा । |

## ५. नीति तर्जुमा

गाउँपालिकाले खानेपानी, सरसफाइ, स्वच्छता एवं महिनावारी व्यवस्थापन तथा जीविकोपार्जन प्रवर्द्धन क्षेत्रमा निम्न वमोजिमका नीतिहरु तर्जुमा गरेको छ ।

१. ’खानेपानी योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका २०७५’ ।

२. ‘मर्यादित महिनावारी व्यवस्थापन निर्देशिका २०७५’ ।



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## ६. सहकार्य

परियोजना कार्यान्वयनको सिलसिलामा परियोजनासँग सम्बन्धित योजना क्रियाकलापहरुमा गाउँपालिकाका विषयगत शाखाहरु र अन्य साझेदार निकायहरुबाट निम्न तालिका बमोजिमको थप आर्थिक तथा प्राविधिक सहयोग (परियोजनाको लागि विनियोजित बजेट भन्दा बाहेक) उपलब्ध भएको छ ।

***तालिका१२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य***

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. (वा बराबर) |
|---|---|---|---|---|
| १ | रामारोशन गाउँपालिका कृषि विकास शाखा | प्लाष्टिक घरमा तरकारी खेती प्रविधि | प्लाष्टिक घरमा तरकारी खेती प्रविधि तालीम र १८ जना किसानलाई प्लाष्टिक घर सामग्री प्रदान । | ४९००००।०० |
| २ | रेडियो रमारोशन | सरसफाई तथा स्वच्छता सम्बन्धी सचेतना कार्यक्रम | सरसफाई तथा स्वच्छता सम्बन्धी जिङ्गल प्रशारण | १६१५०।०० |

## ७. आइपरेका समस्याहरु

आर्थिक वर्ष २०७५/०७६ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा निम्न बमोजिमका समस्याहरु आइपरेका थिए जसको समाधान निम्न उपायहरुवाट गरिएको थियो ।

***तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु***

| क्र.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| १. | कार्यक्रम तथा लक्ष्य अनुसार कर्मचारीहरुको संख्या कम भएको जस्तै जिविकोपार्जन प्रवद्धक । | • कृषि शाखासंगको समन्वयमा कार्यक्रम संचालन गरिएको<br>• आवश्यकता अनुसार विभिन्न क्रियाकलापमा अगुवा कृषक परिचालन |
| २. | गाउँपालिकामा कर्मचारीको स्थायित्व नहुनु छिटोछिटो फेरवदल हुनु । | • समय सापेक्ष प्रकियाहरुका लागि कार्यक्रम तयार गरि यथासक्य समय मिलान गरि कार्य सम्पादन गर्न पहल गर्ने । |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण

| योजनाको नाम | वडा नं. | योजनाको अनुमानित लागत (रु) (GoN+GoF+EU+RM) | यस योजनामा हालसम्म भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस आ.व.मा भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस योजनामा गाउँपालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने | आगामी आ.व.मा हुने खर्चको लक्ष (GoN+GoF+EU+RM) | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी तथा सरसफाइ योजना** | | | | | | | | |
| बन्सेडी बथान खा.पा.यो | ४ | ३,९३५,८२७८१ | ३,५६२,०११।२२ | ३,५६२,०११।२२ | ३३६,९४७०१ | ० | ० | ६३९ |
| बागमारे खा.पा.यो | ४ | ४,२२०,६४३।०५ | ३,८८९,५७९।८५ | ३,८८९,५७९।८५ | ३६७,९३३।२३ | ० | ० | ५३७ |
| हडाने खा.पा.यो | ४ | ४,९९४,१६६।४४ | ४,७७६,७०८।२६ | ४,७७६,७०८।२६ | ४५१,८५०।७८ | ० | ० | ८१३ |
| जडापानी तुरीधारा खा.पा.यो | ४ | १,६५४,००२।०२ | १,५२०,७७७।२० | १,५२०,७७७।२० | १४३,८५७।३० | ० | ० | ४७२ |
| कुन्टाखोला खा.पा.यो | ४ | ४७५७५४४।१८ | २८६९३२२ | २८६९३२२ | ० | १ | १५२८६०० | ५०९ |
| **जम्मा :** | | १९,५६२,१८३।५० | १६,६१८,३९८।५३ | १६,६१८,३९८।५३ | १,३००,५८८।३२ | १।०० | १,५२८,६००।०० | २,९७० |
| **सिचाई/बहूपयोगी योजना** | | | | | | | | |
| भेडेखोर मष्टामाण्डौ सिचाई | ३ | १,२३०,४८२।५२ | १,१८७,२४१।१२ | १,१८७,२४१।१२ | १२०,४४४।७५ | ० | ० | ७९२ |
| जुकेपानी पानीमुल सिचाई | ३ | ९००,६१४।९२ | ८०१,२५४।०२ | ८०१,२५४।०२ | ८१,२८६।६४ | ० | ० | २९६ |
| रानामुल सिचाइ | ७ | ८५६०७२।४९ | ७१४९३५ | ७१४९३५ | ० | १ | २०५१०६ | २३५ |
| सुवाखोला सिचाइ | ७ | १०३९५१७।५९ | ७८१८५५ | ७८१८५५ | ० | १ | २९७५६५ | १३५ |
| **जम्मा :** | | ४,०२६,६८७।५२ | ३,४८५,२८५।१४ | ३,४८५,२८५।१४ | २०१,७३१।३९ | २।०० | ५०२,६७१।०० | १,४५८ |
| **संस्थागत शौचालय** | | | | | | | | |
| | | २०००००० | ० | ० | ० | ० | ० | ० |
| **सूधारिएको चूल्हो** | | | | | | | | |
| | ४ | १००,०३५।०० | ८८,४५६।०० | ८८,४५६।०० | | ० | ० | ५७० |
| **सुधारिएको घट्ट** | | | | | | | | |
| | ३,४,५,७ | ३७८,०८६।५४ | ३७६,२३४।५५ | ३७६ | २३४।५५ | ० | ० | ३६० |
| **जम्मा :** | | ६७८१२१।५४ | ४६४६९०।५५ | ८८८३२ | २३४।५५ | ० | ० | ९३० |

## अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम** | | | | | | | | | | |
| १ | उभभोक्ता समितीलाई अभिमुखीकरण तालिम | ४, ७ | १ | ४ | ५ | ८ | ० | ० | २२ | २३ |
| २ | घरवारी व्यावस्थापन तालिम | ४, ७ | १ | ३ | ८ | ५ | ० | ० | १० | १२ |
| ३ | सामुदायिक कार्ययोजना तयारी तालिम | ४, ७ | १ | ३ | ६ | ६ | ० | ० | ११ | ११ |
| ४ | लेखा तथा खरिद अभिमुखीकरण तालिम | ४, ७ | १ | १ | ० | ० | ० | ० | ७ | ८ |
| ५ | लैगिक समता तथा समता तथा सामाजिक समावेशीकरण तालिम | ४, ७ | १ | २ | २ | २ | ० | ० | ९ | ७ |
| ६ | निर्माण पुर्व व्यावस्थापन तालिम | ४, ७ | १ | ३ | १ | ३ | ० | ० | १५ | १७ |
| ७ | महिला धारा समुहलाई सरसफाई तथा मर्मतसम्भार तालिम | ४ | १ | ४ | ४२ | ४४ | ० | ० | ७५ | ३८ |
| ८ | खानेपानी सुरक्षा योजना तालिम | ४ | २ | ४ | १२ | १४ | ० | ० | १० | १९ |
| ९ | निर्माण प्रश्चातको तालिम | ४ | २ | ४ | ३ | ५ | ० | ० | १६ | २१ |
| **सरसफाइ, स्वच्छता,महिनावारी व्यवस्थापन र जनचेतना सम्बन्धी तालिमहरु** | | | | | | | | | | |
| १ | वडा स्तरिय पूर्ण सरसफाई तालिम | ३, ४, ७ | २ | ३ | १२ | ६ | १ | १ | ३९ | ३१ |
| २ | बिश्व चर्पी दिवस | | १ | १ | ० | २ | ० | ० | १२ | ३५ |
| ३ | विश्व पानी दिवश | | १ | १ | १ | ४ | ० | ० | १४ | २४ |
| ४ | २० औं सरसफाइ सप्ताहा | | ७ | १ | ३५ | २९ | २ | ३ | १५३ | ९३ |
| ५ | खुला दिशामुक्त घोषण दिवश | ३ | १ | १ | ५१ | ३७ | ० | २ | ५० | ७७ |
| ६ | विद्यालय पूण सरसफाई गोष्ठी | | ३ | १ | ३ | ४ | १ | ० | १८ | १९ |
| ७ | महिनावारी स्वच्छता तथा स्यानिटर प्याड बनाउने तालीम | | ३ | १ | १२ | १ | ० | ० | २१ | १ |
| ८ | महिनावारी स्वच्छता दिवश | | १ | १ | २ | ५ | १ | ० | १९ | १९ |
| **जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | घरवारी व्यावस्थापन तालिम | ४ | ३ | १४ | ११६ | २७ | ० | ० | १४५ | ५७ |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | अगुवा किसान तालीम | | ५ | २ | १२ | ६ | ० | ० | २९ | २९ |
| ३ | बहुउद्देश्यीय नर्सरी तालीम | | ५ | १ | ० | १ | ० | ० | १४ | ५ |
| ४ | च्याउखेती तालीम | | २ | १ | ४ | ३ | ० | ० | १५ | ६ |
| ५ | वेमौसमी तरकारी उत्पादन तालीम | | १ | १ | २ | २ | ० | ० | १३ | ७ |
| ६ | प्लाष्टिक घरमा तरकारी खेती प्रविधि तालीम | | २ | १ | ० | ० | ० | ० | १२ | १९ |
| ७ | आलु चिप्स तथा दालमोठ बनाउने तालीम | | ६ | १ | ० | ० | ० | ० | ९ | ४ |
| **स्थानीय स्रोत व्यक्ति र ग्रामीण मर्मत संभार लगायत प्राविधिक तालिमहरु** | | | | | | | | | | |
| १ | स्थानीय स्रोत व्यक्ति तालीम | | ७ | १ | ० | ० | ० | ० | ३ | ० |
| २ | ग्रामिण मर्मतसंभार कार्यकर्ता तालीम | | १२ | १ | ० | ० | ० | ० | ० | ६ |
| **जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | वडा स्तरिय योजना तर्जुमा | ३,४,६,<br>७ | २ | ४ | १४ | १७ | ० | १ | ४४ | ५२ |
| २ | वडा स्तरिय योजना तर्जुमा | १,२,५ | ३ | ३ | ८ | १७ | ० | ० | २३ | ४६ |
| ३ | गाउपालिका स्तरिय योजना तर्जुमा गोष्ठी | | ३ | १ | ६ | ३ | ० | ० | ८ | १९ |
| **नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| | | | | | | | | | | |
| **गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु** | | | | | | | | | | |
| १ | १६ दिने लैङ्गिक हिँसा विरुद्धको दिवश | | १६ | १ | ५७ | ३० | ० | १ | ३९५ | १९३ |
| २ | अन्तराष्ट्रिय महिला दिवश | १<br>देखि<br>७ | २ | १ | २९८ | ८१ | ३० | १ | ७१२ | ३४४ |
| ३ | उपभोक्ता समितिका पदाधिकारीलाई व्यवस्थापन तथा खरीद सम्बन्धि तालिम | | ३ | १ | २ | २ | ० | ० | ५ | ७ |
| ४ | निर्णमा महिला कार्यशाला गोष्ठी | | ३ | १ | ११ | १ | २ | ० | ३४ | १० |
| | | | | | ३६८ | ११४ | ३२ | २ | ११४६ | ५५४ |

## अनुसूची २.१ : परीयोजना द्धारा तेस्रो चरणमा सम्पन्न भएका योजनाहरु MUS/WSS तथा अन्ययोजनाहरुको अवस्था

| क्र.स. | योजनाको नाम ठेगाना | योजना सम्पन्न बर्ष | योजनाको कुल लागत उ.स.को सहभागीता समेत | योजनाको प्रकार | उ.स.का अध्यक्षको नाम | मर्मत सम्भारकोषको रकम | योजनाको अवस्था | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बन्सेडी बथान खा.पा.योजना | २०७५ | ४८१३५२८।६८ | WSS | अम्बकला देवि खनाल | ४४०००।०० | संचालनमा रहेको | |
| २ | बागमारे खा.पा.योजना | २०७५ | ५२५६१८८।९८ | WSS | डोल्मा साउद | ५८०००।०० | | |
| ३ | हडाने खा.पा.योजना | २०७५ | ६४५५०११।१६ | WSS | चेत नाथ जैशी | ६८,०००।०० | | |
| ४ | जडापानी तुरीधारा खा.पा.योजना | २०७५ | २०५५१०४।३३ | WSS | दिनेश बि.क | २००००।०० | | |
| ५ | भेडेखोर मष्टामाण्डौ सिचाइँ योजना | २०७५ | १७२०६३९।३१ | Irrigation | अमरे ढोली | १८३९००।०० | | |
| ६ | जुकेपानी पानीमुल आधुनिक सिचाइँ योजना | २०७५ | ११६१२३७।७१ | MUS | अक्कल शाह | १०३८००।०० | | |

## अनुसूची २.२ : गत वर्ष ०७४।०७५ सम्मको पेश्की/वेरुजु वांकीको अवस्था

| कुल पेश्की/वेरुजु रकम रु | कुल फर्छ्यौट पेश्की/वेरुजु रकम रु | फर्छ्यौट भइ वांकी पेश्की/वेरुजु रकम रु | कैफीयत |
|---|---|---|---|
| २५००००० | | २५००००० | मालिका विकास संघको नीतिगत वेरुजु |

## अनुसूची २.३ : आर्थीक बर्ष ०७५।०७६ मा थप भएको समेत कुल पेश्की/बेरुजु वांकीको अवस्था

| आ.व.०७४।०७५ सम्मको पेश्की/वेरुजु रकम मध्ये०७५।०७६ मा फर्छ्यौट भई सो आ.व.को खुद बांकी रहेको पेश्की/वेरुजु रकम रु | यस बर्ष थप भएको पेश्की रकम रु | यस बर्ष थप भएको समेत ०७५।०७६सम्मको कुल पेश्की तथा वेरुजु वांकी रकम रु | कैफीयत |
|---|---|---|---|
| ०० | ०० | २५००००० | |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## अनुसूची ३ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु

### बैदेशिक रोजगारी बाट फर्केर तरकारी खेतिमा



आयआर्जन तथा जिविकोपार्जनको लागी बिदेश जान पर्दैन भन्ने सल्लाह दिदैछन् रामारोसन गाउपालिका वार्ड नं. ४ बाटुलासेनका ३० बर्षिय भरत बिष्ट। आफुसंग भएको जम्मा १० रोपनी मध्ये ६ रोपनी पाखो र ४ रोपनी खेत बाट ७ जनाको परिवारलाई जेनतेन ८ देखि ९ महिना खान पुग्ने बताएका बिष्टले हाल काउली, बन्दा, आलु, प्याज, खुर्सानी, टमाटर र काक्रा खेतीलाई मुख्य बालिको रुपमा छनौट गरी करिब ७ रोपनी जमिनको छनौट गरी आप्नो घरमा घरबारी स्थापना गरी मनग्य आम्दानी गर्न सफल भएका छन । भरतले आफ्नो घरवारिमा गोठेमल सुधार, झोलमल निर्माण, मानव मुत्र संकलन गरी तरकारी, मसला वाली, नगदे वालिको व्यवसायिक खेतिको सुरुवात गरेका छन ।

२०७१ असारमा बैदेशिक रोजगारको लागी मलेसिया पुगेका भरत २०७२ सालमा १४ महिनाको मलेसियाको रोजगारिलाई छोड्दै नेपाल फर्केर व्यवसायिक तरकारी खेतीमा प्रबेश गरेका हुन । पहिलो बर्षमा १ रोपनी जमिनबाट खुर्सानी खेती व्यवसाय सुरु गरेका भरत पहिलो बर्षमै रु. १८,०००। को खुर्सानी बिक्रि गर्न सफल हुदा थप जाँगर र हौसला पलाएको बताउछन । तरकारी खेति प्रतिको मोह बढ्दै गएका भरतले तत्कालिन जिल्ला समन्वय समिति/ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना तेस्रो चरण अछामको सहयोगमा घरवारी व्यवस्थापन तालिम, अगुवा कृषक बिकास तालिम, तथा जिल्ला कृषि विकास कार्यालयको सहयोगमा व्यवसायिक तरकारी उत्पादन, नर्सरी व्यवस्थापन तथा व्यवसायिक योजना तयारी तालिम प्राप्त गरे प्रश्चात यो आर्थिक बर्षमा रु. १३,६००। को खुर्सानी, रु. १५,०००। को आलु, रु. ३०,०००। को टमाटर, रु. १२,०००। को काउली, तथा रु. ७२,०००। को बन्दागोवी बिक्रि गरेर जम्मा रु. १,४२,६००। रुपैया आम्दानी गरेका छन र आम्दानी गरेको पैसा बाट परिवारको उपचार खर्च, घर खर्च टार्दै आएका भरतले २ वटा बच्चालाई कैलाली मा पढाइरहेका छन भने रु. ६०,०००। मा माते जग्गा खरिद गरी उक्त जग्गामा खोर स्थापना गरि २५० वटा कुखुराका चल्ला सहितको कुखुरा पालन व्यवसाय समेत संचालन गर्न सफल भएका छन ।





सुरुको बर्ष १ रोपनी बाट व्यवसायिक खेतीको सुरुवात गरेका भरतले हाल ७ रोपनी जमिनमा २ वटा प्लाष्टिक घर निर्माण गरि व्यवसायिक रुपमा बन्दा, टमाटर, काक्रा खेती गर्दै रु. १,४२,६००। रुपैया आम्दानी गर्न सफल भएका छन भने आउदा बर्ष हरुमा थप क्षेत्रफल बिस्तार गरेर जिल्लाकै नमुना कृषक बन्ने लक्ष लिएका छन ।

तयारकर्ता
देबेन्द्र भाट
जिविकोपर्जक सहजकर्ता
RVWRMP

## अनुसूची ४ : भिजिबिलिटी












GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

















GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland














GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## अनुसूची ५ : जनशक्ति विवरण

आर्थिक वर्ष २०७५/०७६ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा गाउँकार्यपालिका कार्यालय, परियोजना तथा सहयोगी संस्थाहरुवाट तपसील बमोजिम जनशक्ति परिचालन भएका थिए ।

| क.सं. | कर्मचारीको नाम | कार्यालय | पद | जम्मा अनुमानित योगदान (महिनामा) |
|---|---|---|---|---|
| | कृष्ण बहादुर रावल | रामारोशन गाउँपालिका | गाउँपालिका जलस्रोत अधिकृत | १०.५ महिना |
| १ | गणेश कठायत | ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना | प्राबिधिक सहजकर्ता | १०.५ महिना |
| २ | देवेन्द्र प्रसाद भाट | ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना | जिविकोपार्जन सहजकर्ता | १०.५ महिना |
| ३ | नर बहादुर साउद | ग्रामिण विकास विकास केन्द्र (रुडेक) नेपाल | फिल्ड संयोजक | ९ महिना |
| ४ | कालु सिह बि.क. | ग्रामिण विकास विकास केन्द्र (रुडेक) नेपाल | स्वास्थ्य प्रर्वद्धक | ८ महिना |
| ५ | गणेश दर्जी | ग्रामिण विकास विकास केन्द्र (रुडेक) नेपाल | जलस्रोत प्राविधीक | ८ महिना |
| ६ | नर बहादुर साउद | ग्रामिण विकास विकास केन्द्र (रुडेक) नेपाल | जलस्रोत प्राविधीक | ८ महिना |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland